यस गाउँपालिकाको गाउँ सभाको बाह्रौं अधिवेशनमा हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नु भएका
प्रमुख अतिथि ज्यू,
विशेष अतिथि ज्यू,
अतिथि ज्यूहरु,
गाउँसभाका उपाध्यक्ष ज्यू,
गाउँसभाका सचिव ज्यू,
विभिन्न विषयगत समितिका संयोजक ज्यूहरु,
गाउँसभाका सदस्य ज्यूहरु,
राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधी ज्यूहरु,
विभिन्न संघ संस्थाका प्रमुख एवम् प्रतिनिधी ज्यूहरु,
पत्रकार मित्रहरु,
अन्य उपस्थित महानुभावहरु र
राष्ट्रसेवक कर्मचारी मित्रहरु

१. नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन समाजवाद उन्मुख अर्थ व्यवस्था एवम् लोक कल्याणकारी राज्य व्यवस्थाको माध्यमबाट लिईएको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा, देशले लिएको "**समृद्ध नेपाल, सुखी नेपाली**"को राष्ट्रिय आकांक्षा, बागमती प्रदेशले लिएको "**सुसंस्कृत र सुखी जनताः समाजवाद उन्मुख समृद्ध प्रदेश**" को दिर्घकालीन सोचको आकांक्षालाई आत्मासात गर्दै कोन्ज्योसोम गाउँपालिकाले लिएको "**कृषि पर्यटन, संस्कृति, वातावरण र पूर्वाधारः सुशासनयुक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार**" भन्ने दिर्घकालिन सोच पूरा गर्ने तर्फ प्रतिबद्ध रही यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु । यस महत्वपूर्ण घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तीको लागि भएको ऐतिहाँसिक जनअन्दोलन तथा सशस्त्र संघर्षका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै घाईते, अपाङ्गता भएका तथा बेपत्ता पारिएका नागरिकहरु प्रति उच्च सम्मान र आदर प्रकट गर्दछु ।
२. २०४६ सालमा जनआन्दोलनमा सहभागी भइ सहादत प्राप्त गर्ने कोन्ज्योसोमको प्रथम सहिद सानुकान्छा तामाङ (भुलुन) भारदेउ र १० बर्षे शसस्त्र द्धन्दकालमा सहादत प्राप्त गर्ने पहिलो स्वास्थ्य स्वयंसेवीका गोरीमाया लामा (शखु) प्रति समेत उच्च सम्मान प्रकट गर्न चाहन्छु साथै विभिन्न स्थानमा भएको भिडन्त र अन्य घटनामा सहादत प्राप्त गर्ने उत्तम

गोले(तत्कालीन शाही नेपाली सेना-भारदेऊ), राजु दाहाल(सशस्त्र प्रहरी-दलचोकी) र भिम बहादुर घिसिङ (तत्कालीन शाही नेपाली सेना-शंखु) समेतलाई उच्च सम्मान प्रकट गर्दछु ।

३. यस कोन्ज्योसोम गाउँपालिकाको प्राथिमकताका आयोजनाहरुको रुपमा रहेका आयोजनाहरुको निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट उपलब्ध गराउने संघीय सरकार, बागमती प्रदेश सरकार, जिल्ला समन्वय समिति ललितपुर लगायतका निकायहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

४. स्थानीय तहको निर्वाचनका सन्दर्भमा हामीले सार्वभौम गाउँवासी समक्ष गरेका प्रतिवद्धताहरुलाई हृदयंगम गरी तीनै प्रतिवद्धताहरुबाट निर्देशित छौं भन्ने कुरालाई पुनःस्मरण गराउन चाहन्छु ।

५. गाउँ सरकारको नीति निर्देशनमा आधारित भई विगतको सरकारले तयार पारेको ५ बर्षे आवधिक योजना कोन्ज्योसोममा कृयाशिल राजनीतिक दलहरु, बुद्धिजीवी, शिक्षक एवम् सामाजिक अगुवाहरुको सल्लाह बमोजिम तर्जुमा भएकोले त्यसैको मार्ग दर्शनमा समग्र गाउँ विकास योजनाहरुलाई कार्यान्वयन गर्ने संकल्प गर्दछु।

६. मुलुकमा एक प्रकारको राजनीतिक स्थायित्व कायम भई मुलुक अब आर्थिक समृद्धि र विकासको दिशामा अगाडी बढेको अवस्थामा यस अवसरको सदुपयोग गर्दै हाम्रा गाउँपालिकामा रहेका कृषि, बन, धार्मिक तथा पर्यटकिय सम्भावना, प्राकृतिक स्रोत साधन र जनशक्तिलाई उचित परिचालन एवं व्यवस्थापनबाट गाउँमा समृद्धि र विकासको ढोका खोलिने छ भन्नेमा म विश्वस्त छु । **हाम्रो कोन्ज्योसोम राम्रो कोन्ज्योसोम** बनाउन संघीय र प्रदेश सरकारसँगको सहयोग, समन्वय र सहकार्यका साथ स्थानीय उद्योगी, व्यापारी, बुद्धिजीवी, शिक्षक, सहकारीकर्मी, संचारकर्मी, पर्यटनकर्मी, समाजसेवी लगायत समग्र कोन्ज्योसोम बासीको सक्रिय सहयोग र सहभागिताको अपेक्षा गर्दछु ।

७. संविधानले नै प्रदान गरेको स्व-शासन र स्वायत्तताको अधिकार प्रयोग गर्न पाउनु, स्थानीय श्रोतको प्राप्ती र परिचालनको अधिकार प्रयोग गर्न पाउनु, संघीय तथा प्रदेश सरकारले प्रदान गर्ने विभिन्न प्रकारका अनुदान प्राप्ती हुनु, दृढ संकल्प र स्पष्ट दृष्टिकोण सहितको यूवा नेतृत्व पंक्तिको सहयोग प्राप्त हुनु, सक्षम, प्रतिस्पर्धी, तटस्थ र प्रतिबद्ध कर्मचारीहरुको साथ र सहयोग प्राप्त हुनु, कृषि तथा पशुजन्य उपजको लागि पर्याप्त बजारको संभावना हुनु, राजधानीको नजिक साथै धार्मिक तथा पर्यटकीय स्थलहरुको पर्याप्तताका कारण धार्मिक तथा पर्यापर्यटनको सम्भावना रहुन हाम्रा अवसरहरु हुन् ।

८. पूर्वाधारको विकास सँगै वातावरणीय सन्तुलन कायम गर्नु, बालविवाह, महिला हिंसा, ज्येष्ठ नागरिक तथा एकल महिलाहरुको सामाजिक व्यवस्थापन, खाद्य सुरक्षा र खाद्य सम्प्रभुतताको

व्यवस्थापन, विभिन्न कारणले विद्यालय तहका बाल-बालिकाहरुको शिक्षण सिकाईमा परेको नकारात्मक असरको व्यवस्थापन गर्नु, विकासका लागि आवश्यक पर्ने पर्याप्त आर्थिक श्रोतको व्यवस्थापन गर्नु हाम्रा प्रमुख चुनौतीहरु रहेका छन् ।

९. आर्थिक बर्ष २०८०/०८१ का लागि गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा चालु आ.व. २०७९/८० को नीति तथा कार्यक्रमलाई समेत पुनरावलोकन गर्दै संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग, नीति, मार्गदर्शन, योजना तथा कार्यक्रम, संविधानको अनुसूची–८(स्थानीय तहको अधिकारको सूची), अनुसूची–९, (संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएका गाउँपालिकाको अधिकारक्षेत्र र स्थानीय तहको आवधिक योजना, मध्यमकालिन खर्च संरचना, वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शनलाई समेत ध्यानमा राखिएको छ । यसैगरी पन्ध्रौ योजनाको लक्ष्य, अन्तराष्ट्रिय स्तरमा नेपालले व्यक्त गरेको विषय क्षेत्रगत प्रतिवद्धता र सन् २०३० सम्म पुरा गर्नुपर्ने दिगो विकासको लक्ष्य बमोजिम नतिजा प्राप्तीमा सहयोग पुर्याउने गरी कार्यगर्न यस गाउँपालिका प्रतिबद्ध रहने छ ।

१०. चालु आर्थिक बर्ष २०७९/८० का लागि कोन्ज्योसोम गाउँपालिकाको गाउँसभाको दशौं अधिवेशनबाट स्वीकृत नीति, योजना र बजेट हाल कार्यान्वयनको अन्तिम चरणमा रहेको छ । निर्वाचित जनप्रतिनिधिको रुपमा पदमा वहाल भई सकेपछि पेश गरिएको नीति, योजना र बजेट कार्यान्वयनको हालसम्मको अवस्थाको मूल्याङ्कन र समीक्षा गर्दा पूर्वाधार तथा अन्य योजना कार्यक्रमहरुको उपलब्धीहरु अपेक्षित रुपमा सन्तोषजनक नै भएको देखिन्छ । गत बर्षको नीति, योजना, र बजेट कार्यान्वयनको अनुभव र सिकाइबाट गाउँपालिकाको दिगो र सन्तुलित विकासका लागि योजनाबद्ध रुपमा अगाडी बढ्नुपर्ने पृष्ठपोषण र प्रेरणा मिलेको छ ।

११. विगतमा निर्वाचित जनप्रतिनिधीहरुले शुरु गरेका गाउँ गौरवका आयोजनाहरुका रुपमा रहेको चौघरे खानेपानी आयोजनाको कार्य अन्तिम चरणमा पुगेको, सीमभञ्ज्याङ्ग चौतारा सडक खण्ड कालोपत्रे भई सञ्चालनमा आएको, दलचोकी भ्यू टावरको भौतिक निर्माणको कार्य अन्तिम चरणमा पुगेको, भारदेऊ-पनौती सडक खण्डको ट्र्याक खोल्ने कार्य भएको, भैंडेखर्कडोल फूलबारीडाँडा खानेपानी आयोजना, कालापानी भुमिथुम्का खानेपानी आयोजनाको कार्य भईरहेको, शंखु छ्योर्देनको निर्माण कार्य भईरहेको, कोन्ज्योसोम प्रतिमा निर्माणको कार्य द्रुत गतिमा भईरहेको र नवनिर्वाचित वर्तमान पदाधिकारीबाट प्रस्ताव भई आएका थप आयोजनाहरु — कान्छाकाजी सिकारीको घरदेखि नल्लु वातीसोङ्ग (नल्लु करिडोर) वासुकी सम्म पुर्याउने लक्ष्यका साथ काम भइरहेको, गोदावारी -५ देखि गाउँपालिका भवनसम्म

जोड्ने सडक कालोपत्रे गर्ने कार्य शुरु भएको, बहुबर्षिय आयोजनाका रुपमा रहेको दलचोकी विर्खेधारा शंखु सडक कालोपत्रे गर्ने प्रक्रियामा रहेको दक्षिण ललितपुरको पुरानो सडक, लेले चन्दनपुर सडकको ११.७ कि.मि. खण्डको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.), प्रारम्भिक वातावरणीय परीक्षण ( आ.ई.ई.) भई २ लेन कालोपत्रे गर्नको लागि ठेक्का समेत भइसकेको अवस्था छ र आगामी दिनमा पनि भौतिक एवम् मानसिक विकासमा निरन्तर रुपमा अगाढी बढ्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

१२. गाउँपालिका भित्र रहेको अधिकांश पशु चौपायहरुमा गरिएका पशु विमाको कारण १४ करोड बराबरको पशुपुँजी सुरक्षित भएको, उन्नत जातका गाई, भैंसी, बाख्रा, बोका पालनमा दिएको अनुदान, भकारो सुधारमा दिएको अनुदान सहयोगका कारण दुग्ध उत्पादनमा उल्लेख्य वृद्धि भएको साथै खसी बोका उत्पादनमा वृद्धि भई कृषकहरुको आर्थिक जीवनस्तरमा रुपान्तरण भई गरिबी निवारमा समेत उल्लेख्य सहयोग मिलेको आदि चालु आर्थिक वर्षका आर्थिक उपलब्धीहरु हुन । यसलाई थप परिकृत र व्यवस्थित गर्दै जानु पर्ने हाम्रो जिम्मेवारी हो ।

१३. चौघरे स्वास्थ्य चौकीमा ल्याब सेवा सञ्चालनमा आएको ७५ प्रकारका औषधीहरु निशुल्क रुपमा वितरण गरिएको, १२ वर्ष माथिका महिनावारी हुने किशोरी तथा महिलाहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गरिएको । प्रयोग भईसेकको स्यानीटरी प्याडको डिस्पोज गर्न विद्यालयमा डिसपोजल मेशिन जडान गरिएको आदि चालु आर्थिक वर्षका सामाजिक उपलब्धीहरुलाई निरन्तरता दिई अझ बढी परिस्कृत गरि लैजानु पर्ने हाम्रो दायित्व हो ।

१४. भौतिक पूर्वाधारहरुको निर्माण कार्य प्रारम्भ हुन अघि गरिने IEE ले वातावरणीय क्षतीलाई न्यूनीकरण गर्ने कार्यमा सहयोग पुगेको र चालु आर्थिक वर्षको वातावरणीय उपलब्धीहरुलाई आत्मासात गरी आगामी वर्षहरुमा सञ्चालन हुने आयोजनाहरुमा पनि निरन्तरता दिनु हाम्रो दायित्व रहेको छ ।

१५. दिगो विकासका राष्ट्रिय लक्ष्यहरुलाई टेवा पुग्ने गरी स्थानीयकरण गर्ने र सोही बमोजिम बार्षिक, मध्यमकालिन तथा दीर्घकालिन/आवधिक योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१६. सेवा प्रवाहलाई सरल, चुस्त, सहज, नागरिकमैत्रि, जवाफदेहि बनाउन **एकिकृत सूचना व्यवस्थापन प्रणाली ( Integrated Information Management System/IIMS)** लागु गर्ने कार्यको थालनी गरिसकिएको साथै पाँच वटै वडाहरु र गाउँकार्यपालिका कार्यालयमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनको थालनीले सुशासन प्रबर्द्धनमा टेवा पुगेको हाम्रो

ठम्याइ छ । यसलाई निरन्तरता दिन हामी प्रतिबद्ध रहेको समेत जानकारी गराउन चाहन्छु ।

**सभाका सदस्य ज्यूहरुः**

अब म आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमलाई विषयगत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छुः

**पूर्वाधार विकासः**

१७. गाउँपालिका भित्रका पूर्वाधारहरुको प्रभावकारी विकासका लागि प्राथमिकताका आयोजनाहरु (कोन्ज्योसोम प्रतिमा निर्माण आयोजना, शंखुमा १० शैयाको अस्पताल निर्माण आयोजना, शंखु छोर्तेन गुम्बा निर्माण आयोजना, काम्लेचौर फुटवल ग्राउण्ड निर्माण आयोजना, भारदेउ नल्लु कान्छाकाजी सिकारीको घर देखि वातीसोङ्ग हुँदै बासुकी सम्मको मोटरबाटो निर्माण, दलचोकी भ्यु टावर निर्माण आयोजना, भेडेखर्कडोल फूलबारी डाँडा खानेपानी आयोजना, मविर गुर्दुमथुम खानेपानी आयोजना, चौघरे गुम्बाडाँडा कु-सोम निर्माण आयोजना कालापानी-भुमिथुम्का खा.पा. आयोजना, मनकामना तथा पाथिभरा मन्दिर व्यवस्थापन, कतुवन शंखु सडक, ठोस्नेखोला करिडोर, चौघरे आधारभूत अस्पताल ) लगायतका पूर्वाधारहरुको प्राथमिकताका साथ निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याईनेछ भने थप आयोजनाहरुको प्राथमिकताका आधारमा समावेश गरी सञ्चालनमा ल्याईनेछ ।

१८. यस गाउँपालिका कार्यपालिकाको कार्यालयबाट प्रवाह हुने सेवालाई छिटो छरितो, चुस्त दुरुस्त तथा प्रभावकारी बनाउँदै सुशासन युक्त बनाउन एकिकृत सेवा केन्द्र भवन निर्माण गर्नका लागि जग्गा प्राप्ति साथै आर्थिक श्रोतको व्यवस्थापनका लागि अझै प्रभावकारी ढंगले लागिनेछ ।

१९. नल्लु भञ्ज्याङ्गबाट देउराली ठोस्ने खोला उन्युउ चौर हुँदै बुखेल-गोटिखेल जोड्ने मध्यमार्गी सडक खण्डको डि.पि. आर. तयार भई आगामी वर्षहरुमा संघीय सरकार, प्रदेश सरकार एवम् गाउँपालिकाको तर्फबाट प्राथमिकतामा राखी पक्की सडकको रुपमा विकास गरिने छ ।

२०. नेपाल सरकारको चालु आ.व. ०७७/७८ को नीति तथा कार्यक्रम बमोजिम नेपाल सरकार र गाउँपालिकाको साझेदारीमा शंखु स्वास्थ्य चौकी रहेको स्थानमा १० शैयाको सुविधा

सम्पन्न अस्पताल निर्माण कार्यको लागि चालु आ.व. ०७८/०७९ को प्रारम्भमै शिलान्यास भई निर्माणको क्रममा रहेकोले आ.ब. २०८०/०८१ भित्र सम्पन्न गरी सकिनेछ।

२१. गाउँपालिकाको सिमित स्रोत र साधनले कार्यान्वयन गर्न नसकिने पालिका स्तरीय आयोजना तथा वडा स्तरबाट सिफारिस भएका ठूला आयोजनाहरुको कार्यान्वयनको लागि आयोजना बैंक तयार गर्ने र प्राथमिकता प्राप्त आयोजनाहरुलाई क्रमश कार्यान्वयन गर्न संघ तथा प्रदेश सरकारको विशेष तथा समपुरक अनुदान प्राप्तिको लागि पहल गरिनेछ साथै **जिल्ला समन्वय समिति लगायतका निकाय र अन्य पालिकाहरुसँगको साझेदारी**लाई पनि विशेष जोड दिइनेछ ।

२२. समुदायको लगानी विकासको थालनी भन्ने भावनाका साथ विकासमा समुदायको सहभागिता तथा स्वामित्व मार्फत दिगो विकासलाई प्रभावकारी बनाउन ९०:१०, २०:८०, ३०:७० जस्ता साझेदारी मोडललाई अवलम्बन गर्दै भवन निर्माण लगायतका जटिल प्रकृतिका निर्माण कार्यहरु गर्दा भने ९५:५ को साझेदारी मोडल अवलम्बन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

२३. विकास आयोजनाहरुको गुणस्तरियता र दिगोपनाका लागि निश्चित सूचक र निश्चित मापदण्डका आधारमा निरन्तर अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्ने पद्धतिलाई अझ प्रभावकारी बनाउदै लगिनेछ । निर्माण सम्पन्न सबै प्रकारका भौतिक पूर्वाधारहरुको लगत तयार गरी मर्मत संभार कार्यलाई प्राथमिकतामा राखिनेछ । ठूला प्रकारका आयोजनाहरु कार्य सम्पन्न पश्चात **तेस्रो पक्ष मूल्याङ्कन (Third party Evaluation)** पद्धति अवलम्बन गरिनेछ । विगतमा शुरु गरिएका अधुरा योजना तथा कार्यक्रमलाई प्राथमिकिकरण गरी निरन्तरता दिइने छ ।

२४. गाउँपालिका भित्रका भवन सम्बन्धी भौतिक पूर्वाधार निर्माणका लागि राष्ट्रिय भवन संहिता तथा मापदण्ड, २०७२ को पालना गरिनुका साथै विद्यालय भवनहरुको निर्माण मापदण्डका सन्दर्भमा अन्य संस्थाहरुसँग समेत समन्वय गरिनेछ । यस गाउँपालिकाको प्रथम पञ्चबर्षिय योजनालाई आधार मानी तयार गरिएको गाउँ सडक यातायात गुरुयोजनाका आधारमा सडक ट्रयाक खोल्ने तथा  स्तरोन्नती र सुधार गर्दै गाउँ क्षेत्र भित्रका सडकहरुको अधिकार क्षेत्र निर्धारण गर्न विज्ञ सहितको समिति गठन गरी समितिको सुझाव बमोजिम सडक अधिकार क्षेत्र तोकिनेछ। घर नक्सा पास सम्वन्धी कार्यलाई थप व्यवस्थित र सहज बनाउन भवन निर्माण तथा नक्सापास सम्बन्धी कार्यविधिलाई अझ प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।

२५. हाल सञ्चालनमा रहेका झोलुङ्गे पुलहरुको मर्मत सम्भार गर्ने, निर्माणाधिन पुलहरुको निर्माण कार्य समयमै सम्पन्न गर्ने तथा आवश्यकताको पहिचान गरी थप स्थानहरुमा झोलुङ्गे पुल, ट्रष्ट पुल तथा मोटरेबल पुलहरुको निर्माण कार्यलाई अगाडी बढाइने छ ।

२६. गाउँपालिका क्षेत्र भित्र रहेका ऐलानी, पर्ति जग्गाको लगत अभिलेखिकरण गरिनेछ । साथै ऐलानी, पर्ति जग्गाको संरक्षण र समुचित उपयोग तर्फ पहल गरिनेछ । त्यस्ता प्रकृतिका जग्गामा बनेका घर टहराहरुलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम बहाल विटौरी करको दायरामा ल्याइनेछ ।

२७. सम्पुर्ण कोन्ज्योसोम बासीहरुमा विधुत सेवाको पहुँचलाई विस्तार गर्न वैकल्पिक/नविकरणीय उर्जाको प्रवर्द्धनमा जोड दिने नीति अन्तर्गत बायोग्यास प्लान्ट तथा सौर्य उर्जा प्लान्ट जडान गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। नेपाल विधुत प्राधिकरण र ग्रामिण क्षेत्रमा विधुतिकरण गर्दै आएका सहकारी सँस्थासँगको १०: ९० को साझेदारी र सहकार्यलाई निरन्तरता दिइनेछ।

२८. टुङ्गुन खोला लप्सीबोट बाँधको DPR समेत भै सकेको र ठोस्ने खोलाको पानीलाई बाँध बाँधी बहुउद्देश्यीय परियोजना (जलविद्युत, सिंचाई, खानेपानी, मत्स्यपालन, जलपर्यटन आदी) सञ्चालन गर्न सम्भाब्यता अध्य्यन सहित निर्माण कार्यलाई अघी बढाउन संघिय सरकार र प्रदेश सरकारसँग स्रोतको सुनिश्चितताका लागि विशेष पहल गरिनेछ।

२९. यस गाउँपालिकाका पाँच वटै वडाका दक्षिण तर्फ फैर्किएका खाली स्थानहरुको पहिचान गरी १ मेगावाट सम्मको सौर्य उर्जाको लागि सम्भाव्यता अध्ययनका साथै स्थानीय खोलाहरुमा माईक्रो हाईड्रो सञ्चालनको लागि सम्भाव्यता अध्ययन गर्ने कार्यलाई प्राथमिक्ता दिइनेछ ।

३०. कोन्ज्योसोम गाउँपालिकाका सबै वडाहरुमा खेलकुद क्षेत्रको सन्तुलित विकास र प्रवर्द्धन गर्न गाउँ खेलकुद विकास गर्न आवश्यक कार्यविधि बनाई खेलकुद विकास समितिहरु गठन गरिनेछ । साथै यस कोन्ज्योसोम गाउँपालिका भित्र रहेका खेलकुद मैदान, कभर्ड हल जस्ता भौतिक निर्माणका कार्य अगाढी बढाईने छ । खेलकुद मैदान नभएका वडाहरुमा पनि एक वडा एक खेल मैदानको अवधारणालाई सार्थक बनाउन खेलकुद मैदान र कभर्ड हल निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३१. पर्यटकीय तथा धार्मिक महत्वका प्राथमिकताका आयोजनाहरुः कोन्ज्योसोम प्रतिमा निर्माण स्थल देखि दलचोकी भ्यू टावर हुँदै तीनपाने भञ्याङ सम्म Cycle Lane निर्माण गरी एकिकृत पर्यटकीय गन्तव्य बनाउन पर्यटन गुरुयोजना बनाई आवश्यक होटल/रेष्टुराँ, विश्राम स्थल, शान्ति पार्क तथा मनोरञ्जन पार्क आदी निर्माण गरिनेछ ।

३२. धार्मिक, सास्कृतिक तथा पर्यावरणीय हिसावले आन्तरिक पर्यटनको उच्च सम्भावना रहेको यस गाउँपालिका भित्र सम्पूर्ण पूर्वाधारहरुले युक्त सु-व्यवस्थित गाउँ (Smart Village) बनाउनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

३३. वडा र वस्ती स्तरमा सञ्चालित विभिन्न भौतिक निर्माणका आयोजनाहरुको निरन्तर अनुगमन, मुल्याङ्कन गरी गुणस्तरीय निर्माण सम्पन्न गर्न प्रोत्साहन गरिनेछ ।

३४. पूर्वाधार निर्माणको कार्यलाई व्यवस्थित बनाउन प्रत्येक आयोजनामा विनियोजित रकममा एक प्रतिशत मर्मत संभार कर कट्टी गरी गाउँपालिकाको मर्मत संभार कोषमा जम्मा गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

३५. यस गाउँपालिकामा सञ्चालन हुन सक्ने दिर्घकालीन योजनाहरुको सम्भाव्यता अध्ययन (Feasibility Study) लगायतका कार्यहरु अगाडी बढाईने छ ।

**आर्थिक विकास तर्फः**

३६. विश्वभर महामारीको रुपमा फैलिको कोरोना भाइरस Covid–१९ को प्रभाव तथा रुस-युक्रेन यूद्धका कारण विश्व अर्थतन्त्र शिथिल भइरहेको अवस्थामा नेपाल जस्तो कृषिमा आधारित अर्थतन्त्रलाई पनि नकारात्मक असर पारिरहेको अवस्था छ । यस विषम परिस्थितिमा कृषि जैविक विविधताको संरक्षण गर्दै जनताको खाद्य सुरक्षाको अधिकारको प्रत्याभूती, रोजगारीका अवसरको वृद्धि, उद्यमशिलताको विकास लागि कृषि तथा पशुपालन क्षेत्रलाई थप प्राथमिकतामा राखिनेछ ।

३७. वैदेशिक रोजगारीबाट फर्केका र रोजगारीबाट बञ्चित बेरोजगार युवा र कृषकहरुलाई व्यवसायिक तालिम प्रदान गरी कृषि क्षेत्रसँग सम्बन्धित व्यवसायिक रोजगार कार्यक्रममा आवद्ध गराउने कार्यको थालनी गरिनेछ । व्यवसायिक पशुपालन क्षेत्रमा युवाहरुको आकर्षण बढाउन पुराना फार्महरुको सुरक्षा र विस्तार तथा नया फार्महरुको स्थापना र विकासमा उत्प्रेरित गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३८. कृषि तथा पशुपालन पेशालाई व्यवसायिक र आधुनिकरण गर्न कृषि पूर्वाधार विकास, कृषकहरुको क्षमता विकास, उन्नत जातको बिउ वीजनको उपलब्धता, सिंचाई सुबिधाको विस्तार, प्रांगारिक मल उत्पादनमा जोड, यान्त्रिकरण तथा बजारिकरणमा थप कार्यक्रमहरु गर्दै युवा रोजगारी सिर्जना र गरिवी निवारणमा योगदान पुग्ने गरी समावेशी आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । यान्त्रिकरणका कार्य तर्फ साझेदारीमा प्रविधि हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३९. रसायन, विषादी र एन्टिवायोटिकसहरुको असर न्यूनीकरण अभियानलाई प्रोत्साहन गर्दै एकिकृत शत्रुजीव व्यवस्थापन (I.P.M) कार्यक्रम सञ्चालन र व्यवस्थापन गरिनेछ ।

४०. कृषकहरुलाई कृषि परिचय–पत्र वितरण गर्ने तथा अभिलेख व्यवस्थापन गर्ने र सोही आधारमा कृषकहरुको बर्गिकरण गरी आवश्यक विधि बनाई पकेट क्षेत्रको विकास गरी कृषि क्षेत्रलाई व्यवसायीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४१. पशुपालन क्षेत्रमा दुध, फूल, माछा र मासुको उत्पादनमा वृद्धि गराइनेछ । जसका लागि निजी फर्महरुलाई थप प्रोत्साहन गरिनेछ । विशेष क्षेत्रगत कृषि, पशुपालन पकेट कार्यक्रम लागु गरिनेछ । दुग्ध क्षेत्रको प्रवर्द्धनको लागि भैंसी संरक्षण, बाझोपन शिविर र दुधको बजारिकरणमा सहयोग गर्ने कार्यक्रमहरु कायान्वयनमा निरन्तरता दिईनेछ ।

४२. पशुपालन क्षेत्रलाई थप उत्पादन वृद्धिका लागि पशु आहार, नश्ल सुधार, बैज्ञानिक पशुपालन व्यवस्थापन, स्वास्थ्य उपचार सेवा, आधुनिकरण र बजारीकरणका कार्यक्रमहरु थप गरिनेछ । विभिन्न रोग तथा विपत्तिबाट हुने कृषि तथा पशुपालनको क्षती न्यूनीकरण गर्न हर सम्भव उपचार सेवा र शत प्रतिशत संख्यामा विमा गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४३. महामारीको रुपमा गाई, भैंसी, गोरु, राँगा लगायतका पशु चौपामा फैलिरहेको लम्पी स्कीन रोगको फैलावटबाट पशुधनमा हुने क्षती तथा दुग्ध उत्पादनमा हुने ह्रासबाट कृषकहरुमा हुन सक्ने आर्थिक नोक्सानी कम गर्न आवश्यक कदम चालि सकिएको र आगामी आ.व. मा हुन सक्ने यसको सम्भावित जोखिमलाई न्यूनीकरण गर्न थप कदन चालिनेछ ।

४४. कृषि तथा पशुपालन क्षेत्रमा अत्यावश्यक उपचारलाई प्रभावकारी ढंगले अगाडी बनाउन अत्यावश्यक आधारभूत प्रयोगशालाको निर्माण गरिनेछ । विश्वमै ७० प्रतिशत भन्दा बढी रोगहरु पशुबाटै सर्ने हुँदा पशु उपचार सेवामा संलग्न पशु स्वास्थ्यकर्मीहरुको स्वास्थ्यलाई ध्यानमा राखी बार्षिक रुपमा स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिईनेछ ।

४५. भैसीका पाडापाडी तथा बकेर्ना भैसी संरक्षण गर्न भैसी श्रोतकेन्द्रको स्थापना गर्न पहल गरिनेछ ।

४६. कोन्ज्योसोम गाउँपालिकाको कृषि तथा पशुपालन क्षेत्रको समग्र विकासका लागि संघीय सरकार, प्रदेश सरकार, अन्य दातृ निकाय, संघसस्था, निजी क्षेत्र, कृषि क्षेत्रका सहकारी र वित्तिय क्षेत्रसँग आवश्यक समन्वय र साझेदारी गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४७. नश्लसुधार कार्यक्रमलाई प्रभावकारी बनाउन कृत्रिम गर्भाधान सेवा किसानहरुको घरदैलोमा पुग्ने गरी विस्तार गरिने छ । साथै प्राकृतिक गर्भाधान सेवालाई प्रभावकारी बनाउन उन्नत नश्लका प्रजनन्योग्य बोका तथा राँगा वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

४८. स्थानीय व्यापार प्रबर्द्धन गर्ने हेतुले कृषि तथा पशुजन्य उपजको संकलन केन्द्र प्रत्येक वडामा स्थापना गरी गाउँपालिका क्षेत्र भित्र उत्पादित कृषि तथा पशुजन्य उत्पादनको काठमाडौं उपत्यका सम्म बजारीकरण कार्यका लागि स्थानीय सहकारी लगायतका संघ सस्थासँग सहकार्य गर्ने कार्यलाई बढावा दिइनेछ ।

४९. कृषि क्षेत्रको उत्पादनमा वृद्धि गर्न चक्लाबन्दी खेती, सामूहिक खेती र सहकारी खेतीलाई प्रवर्द्धन गरिनेछ । रैथाने बालीहरुको संरक्षण र प्रवर्द्धन गर्दै खाद्य सुरक्षामा जोड दिइनेछ ।नेपालकै पहिलो विउ बैंकको रुपमा रहेको दलचोकी सामुदायिक बिउ बैंकको संरक्षण र सम्बर्धन गर्न नेपाल सरकार र प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिनेछ ।

५०. महिनामा एक पटक मात्र भए पनि कृषि हाटबजार सञ्चालन गर्न् संभाव्यता अध्ययन गरिनेछ कृषकले उत्पादन गरेका कृषि तथा पशुपंक्षीजन्य उपजहरुको उचित मूल्य प्राप्त गर्ने गरी बजारीकरण गर्न सहकारी तथा संगठित समूहहरुसँग समन्वय गरी सोको लागि प्रोत्साहित गरिनेछ ।

५१. दुधबाट बन्ने विभिन्न परिकारहरुको उत्पादनमा बृद्धि गर्न कृषकहरुलाई तालिम दिने, दुग्धजन्य उद्योगहरु स्थापना गर्न आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरी उद्यमशिलता प्रवर्द्धन गर्ने र उत्पादीत बस्तुको बजारीकरणका आवश्यक सहयोग गरिनेछ ।

५२. पालिका भित्र उत्पादन भएका कृषि उपजहरु बजार सम्म पुग्नु अघि सड्न नदिन तथा माग भन्दा धेरै उत्पादन भएको अवस्था भण्डारण गरी उचित समयमा बजारमा पुर्याई कृषकको नोक्सनीलाई घटाउन एक सित भण्डार निर्माण गर्ने कार्यलाई उच्च प्राथमिक्तामा राखिनेछ ।

५३. विकासमा जनताको सहभागिता, अपनत्व र स्वामित्व कायम हुनेगरी आर्थिक विकास र गरिवी निवारणमा योग्दान पुग्ने, उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने खालका कार्यक्रमहरु कार्यान्वयनमा जोड दिइने छ । साथै लगानीमैत्री वातावरण सिर्जना गरी सार्वजनिक निजी साझेदारी (PPP) अवधारणालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

५४. समृद्धिका लागि सहकारी भन्ने मर्मलाई आत्मसाथ गर्दै गाउँपालिका भित्र रहेका सहकारी संस्थाहरुको नियमन र प्रभावकारीताका लागि सहकारी सम्बन्धी आवश्यक नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ । सहकारी संस्थाहरुमा रहेको शेयर सदस्यहरुको पूँजीलाई सदुपयोग गरी सदस्यहरुको आर्थिक, सामाजिक विकासमा योगदान दिने खालका कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिनेछ । साथै सहकारीहरुको क्षमता र संस्थागत विकास गर्न आवश्यक क्षमता विकासका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

५५. गाउँपालिका क्षेत्र भित्र रहेका धार्मिक पर्यटकिय स्थलको विकासको लागि तत् तत् क्षेत्रको गुरुयोजना तयार गरी सोको आधारमा योजनाहरु कार्यान्वयन गरिनेछ । धार्मिक, सास्कृतिक र पर्या-पर्यटनको सम्भावित क्षेत्रहरुको पहिचान आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न आगामी आ.व.मा पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरु गर्दै लगिनेछ ।

५६. कोन्ज्योसोम प्रतिमा, गुसेश्वर महादेव मन्दिर तथा गुफा, पाथिभरा मन्दिर, मनकामना मन्दिर, गुम्बाडाँडा कुसुम, निर्माणाधिन तामाङ्ग संग्राहालय/छ्योर्तेन, कृष्ण प्रणामी मन्दिर लगायत विभिन्न मन्दिर, छ्योर्तेन, गुम्बा, चर्च जस्ता धार्मिक तथा साँस्कृतिक सम्पदा तथा क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिदै अन्य आवश्यक पर्यटन पूर्वाधारहरुको विकासमा जोड दिइनेछ ।

५७. सामाजिक वञ्चितिकरणमा परेका, फरक क्षमता भएका, जेष्ठ नागरिक, महिला, बालबालिका, एकल महिला, दलित, आदिवासी जनजाती, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति तथा अति जोखिममा परेका बालबालिकाहरुको आर्थिक सामाजिक विकास गर्दै सम्मानपूर्ण जीवनयापन गर्नपाउने वातावरणको सिर्जना गरिनेछ ।

५८. स्थानीय भाषा, साहित्य, संस्कृति, कलाको संरक्षण र विकासका लागि कार्यक्रमहरु संचालन गरिनेछ । उपयुक्त स्थानमा तामाङ्ग साँस्कृति भिलेज (Tamang Cultural Village) को अवधारण विकास गरी त्यसलाई मूर्तरुप दिने गुरुयोजना बनाउने कार्यलाई अगाडी बढाइनेछ ।

५९. उपभोक्ता अधिकार र हितको संरक्षणका लागि उपभोग्य सामान र सेवाको गुणस्तरीयताको सुनिश्चित गर्न बजार अनुगमन सम्बन्धी नीति, कानुन एवं मापदण्ड बनाई नियमित अनुगमन र नियमन गरिनेछ ।

६०. महिला सहकारी संस्था लगायत अन्य गैरसरकारी संस्थासंगको साझेदारी र सहकार्यमा विपन्न महिलाहरुको आर्थिक स्तर वृद्धि गरी जीवनस्तर उकास्न **लघु उद्यम विकास कार्यक्रम, शिक्षा तथा खेलकुद शाखा, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, पशु तथा कृषि शाखा र रोजगार सेवा केन्द्रलाई** एक अर्कामा आवद्ध गरी विभिन्न किसिमका जीवनोपयोगी तथा सिपमुलक तालिम प्रदान गरी त्यसलाई CTEVT लगायतकाका संस्थाबाट Certify हुने व्यवस्था समेत मिलाईनेछ ।

**समाजिक सास्कृतिक विकास तर्फः**

६१. यस कोन्ज्योसोम गाउँपालिका भित्र रहेका विद्यालयहरुमा मुल विषयका विषयत शिक्षक दरबन्दी तथा शिक्षक नभएका माध्यमिक तथा आधारभुत विद्यालयहरुमा अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षक अभावलाई परिपुर्ण गर्न  शिक्षक अनुदानको कार्यक्रमलाई  TFN जस्ता सहयोगी सँस्थाहरुको सहयोगमा निरन्तरता तथा विस्तार गरिनेछ ।

६२. विद्यालयमा कार्यरत बाल विकास सहयोगी कार्यकर्ता र कर्मचारीहररुको संघीय सरकारले तोके अनुसारको सेवा सुविधा उपलब्ध गराईने छ । साथै समाहित कक्षा सञ्चालनको लागि साझेदारी संघ संस्थासँग सहकार्य गरिनेछ र आयाको व्यवस्था गरी न्युनतम आवश्यक सेवा सुविधाको समेत व्यवस्था गरिने छ ।

६३. उच्च शिक्षामा आर्थिक रुपमा विपन्न बर्गको पहँचलाई पनि बृद्धि गर्न र आफ्नै गाउँमा प्राविधिक र अप्राविधिक दक्ष जनशक्तिको उत्पादन तथा विकास गर्न र त्यस्ता गरिब तथा जेहेन्दार बिद्यार्थीहरुलाई कार्यविधि तथा मापदण्डमा आधारित भई निश्चित रकम छात्रवृत्ति प्रदान गर्न छात्रवृत्ति कोषको स्थापना गरिनेछ ।

६४. शिक्षाको गुणस्तर अभिबृद्धि गर्नका लागि प्रधानाध्यापक र शिक्षकहरुको क्षमता विकासका लागि तालिम कार्यशाला सम्बन्धि कार्यक्रमहरु संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६५. सामुदायिक विद्यालयहरुको गुणस्तर अभिबृद्धिका लागि ICT ल्याव, विज्ञान प्रयोगशाला र विषयगत प्रयोगशाला विद्यालय नर्सिङ स्टेशन स्थापना गर्ने कार्यकम संचालनको कार्यलाई निरन्तरता दिइनेछ ।

६६. शिक्षण सिकाइलाई उपलब्धिमुलक र प्रभावकारी बनाई विद्यार्थीहरुको सर्वपक्षीय विकास गर्न उपत्यका भित्रका ख्याती प्राप्त विभिन्न निजी विद्यालय र विश्वविद्यालयहरुसँग सहकार्य, साझेदारी र समन्वय गरी नमुना विद्यालय र शैक्षिक विकास केन्द्रको स्थापना तथा विकास गरिनेछ।

६७. यस गाउँपालिकामा सञ्चालित एक मात्र प्राविधिक विद्यालयलाई सुविधा सम्पन्न बनाउन आवश्यक भौतिक पूर्वाधारको विकास गरी विभिन्न गाउँबाट अध्ययनका लागि आउने छात्रा-छात्रहरुलाई छात्रावास एवम् छात्रवृत्ति समेत प्रदान गरिनेछ ।

६८. शिक्षकहरुलाई प्रोत्साहित गरी शिक्षण सिकाईमा सुधार गर्न सम्मान र पुरस्कृत गर्ने कार्यको थालनी गरिएको छ र यसलाई आगामी बर्षहरुमा पनि निरन्तरता दिइनेछ । शिक्षकहरुलाई त्रैमासिक रुपमा उपलब्ध गराउँदै आइएको पारिश्रमिक आ.ब. २०८०/०८१ देखि मासिक रुपमा उपलब्ध गराइनेछ ।

६९. विद्यालयको सर्बपक्षिय सुधार तथा शिक्षाको गुणस्तरमा वृद्धि गर्न सक्षम व्यवस्थापकको रुपमा प्रधानाध्यापकको महत्वपूर्ण भूमिका रहने हुँदा यस पालिका भित्रका सबै विद्यालयहरुमा योग्यता पुगेका सक्षम प्रधानाध्यापकको नियुक्तीको व्यवस्था मिलाइनेछ ।

७०. गाउँपालिकाले निश्चित स्थानमा जग्गा उपलब्ध गराई रोजगार सेवा केन्द्र मार्फत सिपमुलक दक्ष जनशक्ति उत्पादन गर्न तालिम केन्द्रको स्थापना र सञ्चालनमा विशेष प्राथमिक्ता दिनेछ ।

७१. लोकसेवा आयोग, शिक्षक सेवा आयोग लगायतका प्रतिस्पर्धात्मक परीक्षाहरुको तयारी कक्षाहरु गाउँपालिकाको पहलमा सञ्चालन गरिनेछ । विभिन्न सीप विकास, रोजगारी, छात्रवृत्ति जस्ता कार्यक्रमहरुको थालनी गरिनुका साथै विभिन्न संस्थाहरुसँगको सहकार्यमा ICT मैत्री जनशक्ति , Social worker, Plumber, Electrician जस्ता जनशक्ति उत्पादनका लागि तालिम प्रदान गरिनेछ ।

७२. काठमाडौं र ललितपुर महानगरपालीका साथै अन्य पालिकाहरुसँग भगिनी सम्बन्ध कायम गर्दै पालिकाको बहुआयामिक विकासमा सहकार्य गरिनेछ ।

७३. बालमैत्री स्थानीय शासनका सूचकहरुलाई सहयोग पुग्ने कार्यक्रमहरु तय गर्दै आ.व. २०८१/०८२ भित्र यस गाउँपालिकालाई पुर्ण रुपमा बालमैत्री बनाउने नीतिलाई निरन्तरता दिइएको छ । प्रत्येक वडा तथा सामुदायिक विद्यालयहरुमा बालमैत्री शासनको अवधारणा अनुरुप बालक्लवहरु तथा बालक्लव संजाल गठन/पुर्नगठन गरिनेछ ।

७४. नेपाल सरकारबाट निःशुल्क वितरण हुँदै आएको औषधीको दायरालाई फराकिलो पार्दै थप औषधी वितरण गर्ने गर्ने कार्यालय निरन्तरता दिईनेछ ।

७५. सम्पुर्ण स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्न व्यवस्थापकीय तालिम, गुणस्तर सुधार तालिम तथा क्लिनिकल अपडेट तालिमको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

७६. सामुदायिक स्वास्थ्य ईकाइ र निर्माणधिन खोपकेन्द्र भवनहरुको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ भने गाउँपालिका केन्द्र सँगै रहेको चौघरे स्वास्थ्य चौकीमा रहेको ल्याब सेवालाई अझ साधन सम्पन्न र व्यवस्थित बनाउँदै लगिनेछ ।

७७. मातृमृत्यूदर र नवजात शिशुको मृत्युदरमा कमी ल्याउन टोल समुदायमा निः शुल्क रुपमा स्वस्थ्य सम्बन्धि जनचेतना फैलाउने कार्यमा अहोरात्र खटिने महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन स्वरुप यातायात खर्च उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

७८. गाउँपालिकामा संचालनमा रहेको एम्बुलेन्स सेवा, स्वास्थ्य चौकीहरुमा संचालनमा रहेको बर्थिक सेन्टर तथा स्वास्थ्य चौकीहरुबाट प्रदान गरिदै आएको स्वास्थ्य सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउदै लगिनेछ ।

७९. आधारभूत स्वस्थ्य सेवामा पहुँच र सुनिश्चितताका लागि गाउँभित्रका स्वास्थ्य सँस्थाले दिंदै आएको सेवालाई थप प्रभावकारी बनाइ सेवाको गुणस्तरीयतामा जोड दिइने छ । आयुर्वेद चिकित्सा पद्धती, ध्यान र योगलाई स्वास्थ्य उपचारको सहयोगी माध्यम बनाउन प्रोत्साहित गर्दै नागरिक आरोग्य केन्द्रलाई अझ व्यवस्थित बनाउँदै लगिनेछ ।

८०. महंगो स्वास्थ्य सेवाका कारण सामान्य व्यक्तिको पहुँच बाहिर रहेको मुटु, मृगौला लगायत अन्य घातक रोगको उपचारमा गाउँवासिलाई सहायत उपलब्ध गराउन आवश्यक कार्यविधि बनाइ मानविय सहायत कोष मार्फत आर्थिक सहयोग प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

८१. स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति र सेवा विमुख नागरिकहरुको लागि घरघरमा स्वास्थ्य सेवा प्रदान गर्ने नीतिलाई निरन्तरता दिँदै यस अभियानमा स्थानीय स्वास्थ्य संस्थाहरुलाई अझ व्यवस्थित र सशक्त ढंगले परिचालन गरिनेछ ।उपत्यका भित्रका विभिन्न प्रतिष्ठान तथा अस्पतालहरुसँगको सहकार्य र साझेदारीमा विशेषज्ञ चिकित्सक सहितको सेवा प्रदान गर्न घुम्ती स्वास्थ्य परीक्षण सेवा प्रदान गरिनेछ।

८२. **स्वास्थ्य नै सम्पत्ति हो** भन्ने उक्तिलाई व्यवहारमा कार्यान्वयन गराउन तथा सबै नागरिकलाई सहुलियतमा स्वास्थ्य सेवाको पहुँचमा पुर्याउन राष्ट्रिय कार्यक्रमको रुपमा सञ्चालनमा रहेको **स्वास्थ्य विमा कार्यक्रमलाई पूर्ण रुपमा विस्तार गर्ने नीति** यस गाउँपालिकामा पनि लिएको छ जसका लागी अपाङ्गता भएका व्यक्ति (ग र घ वर्गका), दलीत, एकल महिला र वृद्ध वृद्धाको विमा प्रिमियममा भुक्तानीमा आवश्यक सहयोग गरिनेछ।

८३. विद्यालय स्तरमा अध्ययनरत किशोर किशोरीहरुलाई प्रजनन स्वस्थ्य तथा यौन शिक्षा सम्बन्धी सचेतना अभिवृद्धि गरी बालविवाहको रोकथाम र नियन्त्रण गर्न तथा विद्यालयमानै हुन सक्ने सामान्य स्वस्थ्य समस्याको उपचार गर्न प्रदेश सरकारको सहयोगमा सञ्चालन भइरहेको विद्यालय नर्सिङ कार्यक्रमलाई अझ प्रभावकारी बनाउदै लगिनेछ ।

८४. आ.व. २०७६/०७७ मा सञ्चालनमा रहेको सार्वजनिक स्थल तथा सामुदायिक विद्यालय क्षेत्रको सरसफाई कार्यक्रमलाई COVID–१९ महामारीका कारण आ.व. ०७७/०७८ मा निरन्तरता दिन नसकिए पनि COVID–१९ नियन्त्रण संगै आगामी आ.व. मा निरन्तरता दिदै पूर्ण सरसफाइ अभियान अन्तर्गत पूर्ण सरसफाइ वडा घोषणाको प्रभावकारी कार्यान्वयनका लागि टोल विकास समितिहरु गठन गरी परिचालन गरिनेछ ।

८५. गाउँपालिका भित्र हुने अव्यवस्थित मदिरा उत्पादन, बेचबिखान तथा उपभोगले उत्पन्न भइरहेको सामाजिक समस्यालाई मध्येनजर गरी चाड पर्व, शुभकार्य, जन्म तथा मृत्यू संस्कारमा बाहेक मदिराको उत्पादन, बेचबिखान तथा उपभोग कार्यलाई व्यावस्थापन गर्न यथाशिघ्र कार्यविधि बनाई लागु गरिनेछ । स्थानीय रक्सी ब्राण्डिङ गर्ने कार्यका लागि वकालति सहकार्य गर्न आवश्यक पहल गर्ने ।

८६. लैङ्गिक हिंसा तथा विभेद, छुवाछुत जस्ता (कुरीति) कानूनले बर्जित गरेका कुप्रथा र अन्धविश्वासको अन्त्य लगायत मानव ओसारपसार तथा वेचविखान, बालबिवाह, बालश्रम विरुद्ध सामाजिक सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८७. आगामी तीन बर्ष भित्रमा गाउँपालिकाका सबै घरधुरीमा शुद्ध खानेपानीको प्रबन्ध गर्न मुहान पहिचान र संरक्षण, मुहान सरसफाई र सचेतना तथा सबै घरहरुमा खानेपानी पुग्ने गरी टयाङ्की धारा जस्ता भौतिक पूर्वाधारहरुको विकास गरिनेछ।

८८. गैर सरकारी संस्था र सामाजिक संस्थाहरुको नियमनका **गैर सरकारी संस्था समन्वय कार्यविधि, २०७९** बनिसकेको र सोही बमोजिम ती सँस्थाहरुको अनुगमन र सुपरीवेक्षण गरिनेछ । संस्थाहरुको कार्यक्षमता र विज्ञताको आधारमा एकद्धार प्रणाली अपनाई साझेदारीमा क्रियाकलापहरु संचालन गर्न प्रोत्साहित गरिनेछ ।

८९. नेपालको संविधानले नेपाललाई धर्मनिरपेक्ष राष्ट्र साथै प्रत्येक नागरिकलाई धार्मिक स्वतन्त्रताको हक प्रदान गरेकाले अन्य समप्रदायको भावनामा आघात नपुग्ने गरी कोन्ज्योसोम गाउँपालिकामा रहेका अल्पसंख्यक इसाई धर्मावलम्वीहरुको मृत्युपर्यन्त गरिने अन्तिम संस्कारका लागि आवश्यक चिहानको व्यवस्थापन गर्न जमिनको व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ।

९०. "**राष्ट्रको लागि खेलकुदः स्वास्थ्यको लागि खेलकुद** " भन्ने राष्ट्रिय नारालाई अनुसरण गर्दै ब्यक्तिको शारिरिक, मानसिक एवम सामाजिक क्षेत्रको विकासमा खेलकुदको अतुलनिय योगदान रहेको सन्दर्भमा यस क्षेत्रको विकास मार्फत व्यक्तिलाई अनुशासित र मर्यादित बनाउदै समग्र समाजलाई एक ढिक्का बनाउनको लागि **यवा तथा खेलकुद परिषद** मार्फत खेलकुदका कृयाकलापहरु सञ्चालनमा ल्याईनेछ ।

९१. युवा परिषद गठन गरी युवाहरुलाई विभिन्न सृजनशिल कार्यमा परिचालन गर्न आवश्यक कार्यविधी बनाई लागु गरिनेछ ।

९२. वाङ्मय प्रतिष्ठान ऐन, २०७९ अनुसार भाषा, संस्कृति, कला, साहित्यको संरक्षण र प्रबर्द्धनका लागि आवश्यक संयन्त्र निर्माण गरी परिचालन गरिनेछ । उक्त संयन्त्रले सेलोगित,

तीजगित लगायतका प्रतियोगिताहरु सञ्चालन गर्नुका साथै अन्य कार्यहरुमा समेत सहयोग पुर्याउने ।

९३. कोन्ज्योसोम प्रतिमा, पाथिभरा मन्दिर, दलचोकी भ्यू टावर, शंखु छ्योर्देन तथा तामाङ संग्रालय, पार्क, साँस्कृतिक गाउँ आदीको संरक्षण, प्रवर्द्धन र व्यवस्थित विकासका लागि आवश्यक कार्यविधि निर्माण गरी संरक्षण समितिको गठन र परिचालन गरिनेछ ।

९४. विभिन्न कालखण्डमा कोन्ज्योसोम गा.पा. बाट आन्दोलनमा सहभागी भै सहादत प्राप्त गर्नु भएका शहिदहरुको नामबाट सम्मान गर्ने परीपाटीको थालनी गरिनेछ ।

**वन, वातावरण तथा विपद व्यवस्थापन तर्फः**

९५. सामुदायिक वनहरुलाई व्यवस्थित गर्दै त्यस्ता वन क्षेत्रहरुमा जडिबुटी, गैरकाष्ठ वन पैदावार र आय आर्जनका विविध कार्यक्रमहरु संचालन गर्न अभिप्रेरित गरिनेछ ।

९६. भूसंरक्षण, जलाधार व्यवस्थापन र जलउत्पन्न प्रकोप न्यूनीकरणका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरिनेछ । विपद जोखिम न्यूनिकरण, जलबायु परिवर्तनको असर न्यूनीकरण तथा जैविक विविधता संरक्षणका लागि दीघकालीन योजना बनाई कार्यान्वयनको पहल गरिनेछ । साथै जलवायु अनुकुलताका कार्यक्रमहरुको थालनी गरिनेछ ।

९७. भुकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी जस्ता विभिन्न प्रकारका प्राकृतिक प्रकोपबाट प्रभावित नागरिकहरुलाई तत्काल राहत दिन गाउँ विपद व्यवस्थापन कोषबाट विपद व्यवस्थापन समितिको सिफारिसमा उपलब्ध गराउँदै आएको राहतको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९८. गाउँपालिका क्षेत्रभित्रबाट निस्कने फोहोरमैलाको संकलन, पुनःउपयोग, प्रशोधन र विर्सजनका लागि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार काम अगाडी बढाइनेछ । घर निर्माण गर्दा अनिवार्य रुपमा सेप्टी टंकी सहितको शौचालय बनाउनु पर्ने नीतिलाई निरन्तरता दिईनेछ ।नल्लु खोला, ठोस्ने खोला र भारदेउ खोलाको सरसफाइ तथा जैविक विविधता संरक्षणका लागि अभियान नै सञ्चालन गरिनेछ ।

९९. गाउँपालिका भित्र निर्माणाधिन ठूला तथा गाउँगौरवका आयोजनाहरुको निर्माणमा सहजिकरण गर्न तथा ती परियोजनाहरुबाट हुन सक्ने वातावरणीय असरलाई न्यूनीकरण गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१००.	गाउँपालिका भित्र रहेका नीजि, सामुदायिक, धार्मिक वनहरुको नक्साङ्कन गरीनेछ । बाँकी  सार्वजनिक, पर्ति र नीजि जमिनलाई छुट्याई त्यसको उपयोगिताका लागि आवश्यक नीति निर्माण गरी PPP मोडल मार्फत आय आर्जनको कार्यमा प्रयोगमा ल्याईने छ । रेष्टुरेन्ट, होमस्टे, पार्क आदि निर्माण गर्न खाली जग्गा भाडामा दिने व्यवस्था गरिनेछ ।

**सुशासन तथा संस्थागत विकास तर्फः**

१०१.	न्यायिक समितिको कार्य सम्पादन प्रक्रिया प्रभावकारी बनाउन समितिका पदाधिकारी र मेलमिलापकर्तालाई आवश्यक ज्ञान, सीप अभिवृद्धिका साथै अन्य व्यवस्थापकिय कार्यका लागि आवश्यक स्रोतको प्रबन्ध गरिनेछ । सहज र सरल ढंगले निःशुल्क न्याय सम्पादनका लागि मेलमिलाप समिति/केन्द्रको समेत सहयोग र समन्वयमा कार्यक्रम अगाडि बढाइने छ ।

१०२. गाउँपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवालाई चुस्त, दुरुस्त बनाउन संस्थागत सुधार गरिनेछ । सेवा प्रवाहको अवस्था र कार्यवोझका आधारमा गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मौजुदा जनशक्तिको क्षमता विकास गर्दै आवश्यक थप दक्ष जनशक्तिको व्यवस्था मिलाइनेछ ।

१०३.	मानव संसाधन विकास र व्यवस्थापनका कार्यलाई थप प्रभावकारी बनाइनेछ । कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा दण्डीत तथा पुरस्कृत गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१०४.	निर्वाचित पदाधिकारीहरुको क्षमता विकासमा जोड दिइनेछ । निर्णय प्रकृयालाई चुस्त, दुरुस्त र पारदर्शी बनाई निर्णय गर्ने पदाधिकरीहरुलाई नतिजा प्रति उत्तरदायी र जिम्मेवार बनाईनेछ ।

१०५.	जनताप्रति उत्तरदायी र जवाफदेही सेवा प्रवाहका लागि भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ । गाउँपालिकाको काम कारबाहीलाई सरल, सहज, सुविधायुक्त र सेवाग्राहीमैत्री बनाई सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी जनउत्तरदायी र सुशासनयुक्त बनाइनेछ । सेवा प्रवाह सहज र सरल बनाउन सूचना र प्रविधिको महत्तम उपयोग गरीने छ ।

१०६. आर्थिक व्यवस्थापनमा वेरुजु हुने अवस्थाको न्यूनीकरण गर्दै आन्तरिक नियन्त्रण प्रणाली लागु गरिने छ । गत विगत देखि रहेका पेश्की तथा वेरुजु फछ्र्यौटलाई अभियानकै रुपमा अगाडि बढाउदै ३ बर्ष भित्र शून्य वेरुजु कायम गर्ने नीति अवलम्बन गरिने छ ।

१०७. विद्यालय, सहकारी, महिला समूह, उपभोक्ता समिति लगायतका संघसंस्था तथा समूहहरुको क्षमता विकास गरि लेखा तथा अभिलेख व्यवस्थापन र संस्थागत सुदृढीकरणमा जोड दिइनेछ ।

१०८. सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रमलाई अनिवार्य बनाई नागरिक सन्तुष्टि सर्वेक्षण कार्यको शुरुवात गरिनेछ । जनगुनासोको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक प्रविधिको जडान गरी गुनासोको प्रभावकारी व्यवस्थापन गरिनेछ ।

१०९. गाउँपालिकाका सम्पुर्ण वडाहरुमा इन्टरनेट सेवाको पहुँच विस्तारको कार्यलाई अझ प्रभावकारी बनाउदै गाउँकार्यपालिका कार्यालय र वडा कार्यालयहरुलाई नेटवर्किङ गरिनेछ र विधुतीय अभिलेखन प्रणाली प्रयोग गर्दै वडाबाटै कर तथा शुल्क तिर्न सक्ने व्यवस्थालाई अझ

११०. गाउँपालिकाले स्वीकृत गरेका विभिन्न ऐन कानून, निर्देशिका, कार्यविधिहरुका अतिरिक्त बजेट किताब समेत स्थानीय राजपत्रमा प्रकाशित गरी सर्बसुलभ रुपमा उपलब्ध गराइनेछ ।

१११. गाउँपालिका भित्र समुदायसँगको साझेदारीमा हुने विकास निर्माणको कार्यमा भइरहेको शुन्य पेश्कीको अवधारणालाई आगामी आ.ब.मा पनि निरन्तरता दिइनेछ ।

११२. संस्थागत सुशासन कायम गर्न गाउँपालिका कार्यालय, विद्यालयहरु, स्वास्थ्य कार्यालय, वडा कार्यालय लगायतका पालिका भित्रका सरकारी कार्यालयहरुमा E-Attendence शुरु गरिनुका साथै सरकारी खर्च कम गर्न शिलान्यास, उद्घाटन लगायतका कार्यहरु स्थानीय जेष्ठ उपभोक्ता वा सामाजिक अभियान्ताबाट गराइनेछ ।

११३. यस गाउँपालिका भित्र भएका गतिविधिहरुको आम कोन्ज्योसोम बासी लगायत सबैमा सुसूचित गराउन सूचना प्रकाशन शाखा स्थापना गरी कार्य अगाडी बढाईनेछ ।

११४. उपभोक्ता समिति मार्फत गरिने विकास निर्माणका कार्यमा सबै भन्दा राम्रो काम गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरिनुका साथै अर्को आ.ब. मा रु. ५ लाख सम्मको योजना सोही स्थानमा कार्यान्वयन गर्नका लागि समेत सोही उपभोक्ता समितिलाई परिचालन गरिनेछ ।

११५. गाउँपालिकाले तयार पारेको वार्षिक कार्य सञ्चालन पात्रो Calendar पूर्ण रुपमा कार्यान्वयनमा ल्याईने छ ।

**अन्त्यमा,**

११६. कोन्ज्योसोम गाउँपालिकाको समृद्धिको अभियानमा आ–आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गरी **"कृषि, पर्यटन, सस्कृति, बातावरण र पूर्वाधारः सुशासनयुक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार"** भन्ने हाम्रो दिर्घकालिन सोचलाई सार्थकता प्रदान गर्न Covid–१९ ले सिर्जना गरेका आर्थिक मन्दी जस्ता चुनौतीलाई सामना गर्दै यस गाउँपलिकाको सर्वाङ्गिण विकासलाई गतिदिने अठोटका साथ आ.ब. ०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु। प्रमुख अतिथि, विशेष अतिथि, अतिथि, गा.पा.का उपाध्यक्ष, जनप्रतिनिधि, राजनीतिक दलहरु, राष्ट्रसेवक कर्मचारीहरु, किसान, श्रमिक बर्ग, मजदुर, बुद्धिजिवी, नागरिक समाज, आम सञ्चार माध्यम, निजी तथा सहकारी क्षेत्र, विभिन्न संघसस्थाहरु लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुबाट यस नीति तथा कार्यक्रमलाई कार्यरुप प्रदान गर्दै सोका लागि आवश्यक-सकारात्मक सहयोगको समेत अपेक्षा गर्दछु।

११७. यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट Covid–१९ महामारी र यसले निम्त्याएको विश्व आर्थिक मन्दीले कोन्ज्योसोम बासीको जनजीवनमा परेको नकारात्मक असर न्यून भई आर्थिक तथा सामाजिक विकासका क्षेत्रहरुले गति लिनेछन, फलस्वरुप कोन्ज्योसोम बासीका आकाङ्क्षाहरु पूरा गर्न यसको कार्यान्वयनले महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु ।

११८. यहाँ उपस्थित हुनुभएका सम्पुर्ण सरोकारवालाहरुमा विषेश धन्यवाद दिदै प्रस्तावित नीति तथा कार्यक्रम पारीत गर्नका लागि गाउँसभा सदस्यहरुमा हार्दिक अनुरोध गर्दछु ।

**धन्यवाद ।**